म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८२ शुक्रबार १२ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 26 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**फलफूल रोपौं, आम्दानी बढाऔं**

- एकपटक लगाएको फलफूलको बिरुवाले बर्षौं आम्दानी दिन सक्छ,
- तराई, पहाड र हिमाल जहाँ पनि फलफूल खेती गर्न सकिन्छ,
- थोरै लगानीमा पनि धेरै आम्दानी गर्न सकिन्छ,
- फलफूलको खेती गरौं, समृद्ध बनौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बागमतीको नीति कार्यक्रम १४ जेठमा, प्रमुख प्रतिपक्षीको लिखित सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/आगामी १४ जेठमा बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम आउने भएको छ ।

प्रदेशसभाको बिहीवार बसेको बैठकमा सभामुख भुवनकुमार पाठकले नीति तथा कार्यक्रम प्रदेश सरकारको तर्फबाट प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रस्तुत गर्ने जानकारी दिएका छन् । सभामुख पाठकले उक्त दिन प्रदेशसभाका सदस्यलाई औपचारिक पोसाकमा उपस्थित हुन अनुरोध गरे । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको विनियोजित विधेयक २०८०/८१ को सिद्धान्त र प्राथमिकताको सन्दर्भमाथिको छलफल पनि बिहीवार नै सकिएको छ । ९ जेठमा प्रदेशसभामा सरकारको तर्फबाट आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामाले प्रस्तुत गरेको उक्त विधेयकमाथि छलफल सकिएको हो ।




विनियोजित विधेयक २०८०/८१ को सिद्धान्त र प्राथमिकतालाई सांसदहरुले 'कर्मकाण्डी'को संज्ञा दिएका थिए । विनियोजन विधेयक पुरानै 'कपि-पेष्ट' भएको सांसदहरुले आरोप लगाएका थिए । तर, आर्थिक मामिला तथा योजनामन्त्री लामाले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर्मकाण्डी जस्तो नभएको दाबी गरे । सांसदहरुले उठाएको विषयलाई सम्बोधन गर्दै अर्थमन्त्री लामाले पुराना मोडेललाई भन्दा पनि नयाँ मोडेललाई प्राथमिकता दिन आवश्यक रहेको बताए । उनले पुराना मोडलभन्दा फरक खालका र उत्कृष्ट खालका लागू गर्न पहिलो प्रयत्न गर्न सबैलाई आग्रह गरे ।

'प्रदेशले चिनिने, प्रदेशले देखिने र प्रदेशसँग सम्बन्ध गाँसिने खालको जनतासँग बागमती सरकारले उत्तरदायित्व लिएको रहेछ भन्ने खालका योजनाहरु तर्जुमा गऱ्यो भने सरकारप्रति सकारात्मक लिने भन्ने कुरा हुन्छ । त्यसले गर्दाखेरी हामीले वाग्मती प्रदेशमा हरेका क्षेत्रमा कसरी बजेटले समेट्ने भन्ने कुरा नै महत्वपूर्ण हुन्छ', मन्त्री लामाले भने । लामाले अघिल्लो पटक धेरै लामो सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको भन्दै यो पटक आफूले छोटकरीमा प्रस्तुत गरेको र बुझिने पनि भएको दावी गरे ।

यसैगरी, बागमती प्रदेशको प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले आर्थिक वर्ष २०८०/८१ का लागि बागमती प्रदेश सरकारले ल्याउँदै गरेको नीति तथा कार्यक्रम र बजेटमा एमाले बागमती प्रदेश संसदीय दलले सुझाव दिएको छ । प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आर्थिक मामिला तथा योजनामन्त्री लामा लगायतका सबै मन्त्रालयलाई एमालेले सुझाव दिएको हो । आफ्ना सुझाव समेटेर मात्र नीति तथा कार्यक्रम ल्याउन एमाले संसदीय दलले बिहीवार पत्रकार सम्मेलन गर्दै जानकारी गराएको हो । सदनमा प्रदेश सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा आफूले दिएको सुझावलाई जोड दिन आग्रह गरिएको एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसूधन पौडेलले बताए ।

एमालेले नीतिगत तथा संरचनागत सुधारतर्फ विज्ञ सम्मिलित सर्वदलीय उच्चस्तरीय कार्यदल गठन गरी प्राप्त प्रतिवेदन अनुरुप प्रदेश संचरनागत पुन:संरचना, संरचनागत परिवर्तन तथा सुधार गर्न, प्रदेशको अधिकार अनुरुपका ऐन बनाई संघबाट कार्यक्रम हस्तान्तरण गर्ने तथा नयाँ संरचना खडा गर्न, प्रदेशको अधिकारलाई सुनिश्चितता गर्न निम्न बमोजिम आवश्यक र समय सापेक्ष ऐन, नियमावली तथा निर्देशिका तत्काल बनाउनुपर्ने, कृषि ऐन, सार्वजनिक यातायात सेवा ऐन, शिक्षा सेवा ऐन, सार्वजनिक नीति साझेदारी ऐन, इ-गभर्नेन्स सम्बन्धी ऐन, सरकारी, सहकारी र नीति संयन्त्रका निकायहरु बीच आवश्यक समन्वय गर्नका लागि आवश्यक ऐन निर्माणका लागि सुझाव दिएको पौडेलले बताए ।

सुशासन र गुणस्तरीय सेवातर्फ गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुनेगरी शासकीय सुधार गर्ने, भ्रष्टाचारको छानबीन गरी कडा कारबाही गर्न, प्रदेशका १३ वटा नै जिल्लामा एकीकृत सेवा कार्यालय स्थापना गर्न, सरल र सहज सार्वजनिक सेवाको प्रवाह गर्न, सेवाग्राहीलाई समयमा सेवा दिन टाइम कार्डको व्यवस्था गर्न, स्थानीय तहबाट हुने जन्मदर्ता, विवाह दर्ता, बसाइँ सराइको सिफारिस, मृत्युदर्ता, नागरिकता तथा पासपोर्टको सिफारिसलगायत गैरव्यवसायिक प्रकृतिका दर्ता तथा सिफारिसका लागि सूचना प्रविधिको माध्यमबाट निवेदन गर्ने सम्पूर्ण व्यवस्था मिलाउन सुझाव दिएको छ ।

डिजिटल प्लेटफर्मबाट गर्न डिजिटल ऐनमार्फत निर्देशित गर्नुपर्ने, महंगी तथा मिसावट नियन्त्रण गर्न उच्चस्तरीय अनुगमन समितिलाई पालिका अनुगमन समितिसँग समन्वय गरि निरन्तर अनुगमन, अनुसन्धान तथा कालाबजारीलगायत नियम विपरीत व्यापारव्यवसाय गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने, जलविद्युत आयोजनाहरु सञ्चालित परियोजना तथा अन्य व्यवसायिक संघसंस्थाले उत्तरदायित्व बहन बापत गर्ने कार्यमा दोहोरोपन हुन नदिन स्थानीय सरकारमार्फत् गराउने, लोकतन्त्रलाई जीवन पद्धती र जीवन मूल्यका रुपमा स्थापित गराउन प्रदेशबाट प्रदान गरिने सबै सेवाहरु निष्पक्ष, पारदर्शी र गुणस्तरीय हुनुपर्ने, सार्वजनिक खरिद प्रभावकारी बनाउनुपर्ने, भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अपनाउनुपर्ने, दिगो आर्थिक विकास, सरकारी, सहकारी र निजी कम्पनीका निकायहरुबीच आवश्यक समन्वय गरी निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न आवश्यक्ताअनुसार नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधार गर्नुपर्ने सुझाव छन् ।

प्रभावकारी औद्योगिक नीति बनाउनु पर्ने, प्रदेशमा उद्योग स्थापना पहल गर्नुपर्ने, सार्वजनिक खर्चमा कडा नियमन गनुपर्ने, सहकारीलाई व्यवस्थित गरी रोजगारीको अवसर सृजना गर्नुपर्ने, विशेष आर्थिक क्षेत्र निर्माण र व्यवस्थापनमा जोड दिनुपर्ने, शिक्षा, सामाजिक विकास, प्राविधिक तथा व्यवसायिक शिक्षा ऐन बनाउनुपर्ने (गुणस्तरीय र रोजगारीमुखी शिक्षाका लागि), विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउने, प्रदेशमा गठित तथा गठन हुने विश्वविद्यालय तथा प्रतिष्ठानलाई सहयोग, समन्वय तथा आवश्यक निर्देशन दिन, प्रादेशिक उच्चशिक्षा आयोग गठन गर्न विचार धीन उच्चशिक्षा सञ्चालन विधेयकलाई आगामी संसदबाट पारित गर्नुपर्ने एमालेका प्रमुख सचेतक पौडेलले जानकारी दिए ।

प्रदेशमा रोजगारी तथा स्वरोजगारी वृद्धि गर्न प्राविधिक जनशक्ति तयार पार्ने हेतुले प्रदेश सरकार मातहत प्राविधिक विश्वविद्यालय स्थापना गर्नुपर्ने, विश्वविद्यालयमा विभिन्न प्राविधिक विषयमा अनौपचारिक तालिम, औपचारिक अध्यापन तथा अनुसन्धानहरु समेत सञ्चालन गर्नुपर्ने, सबै पालिकामा न्यूनतम एउटा प्राविधिक विषय पढाई हुने शिक्षालय स्थापना गर्नुपर्ने, प्राविधिक विषय पढ्न चाहने गरिव तथा जेहेन्दार विद्यार्थीका लागि आवश्यक स्रोत (मासिक शुल्क तथा छात्रावास शुल्क रिभल्बिङ फण्डु) को व्यवस्था गर्ने सुझाव समेटिएको छ । प्रत्येक पालिकामा एक खेलकूद ग्राम निर्माण गर्नुपर्ने, प्रदेश तथा जिल्ला खेलकुद विकास समितिको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने, अन्तराष्ट्रियस्तरको क्रिकेट खेलमैदान बनाउनुपर्नेलगायतका सुझाव दिइएको सचेतक पौडेलले बताए ।

# हेटौंडा उपमहानगरबाट श्रम स्वीकृति दिन थालियो

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/हेटौंडा उपमहानगरपालिकाले पहिलो पटक वैदेशिक रोजगारीमा जान चाहनेहरुलाई श्रम स्वीकृति दिन थालेको छ ।

वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिले यसअघि श्रम स्वीकृति लिन वैदेशिक रोजगार विभाग जानुपर्ने बाध्यता थियो । अब उपमहानगर पालिकाबाटै सेवा पाइने भएपछि सहज भएको हेटौंडा उपमहानगरपालिका रोजगार संयोजक बिजन श्रेष्ठले बताए । श्रम स्वीकृतिका लागि वैशाख १ गतेबाट अनलाइन प्रणालीको सुरुआत भएसँगै यो सेवा स्थानीय तहले नै दिन पाउने व्यवस्था भएकाले उपमहानगरपालिकाले काम सुरु गरेको उनले जानकारी दिए । श्रम स्वीकृति लिने व्यक्तिले राहदानी, एकप्रति पासपोर्ट साइजको फोटो, पारिवारिक विवरण, बैंक खाता, व्यक्तिगत इमेल आइडी, सम्पर्क नम्बर, रोजगारदाताले दिएको सम्झौतापत्र, राहदानीको प्रतिलिपिसहित नगर पालिकाको रोजगार सेवा केन्द्रमार्फत अनलाइन आवेदन दिन सकिने रोजगार संयोजक श्रेष्ठले बताए बताए ।

वैदेशिक रोजगार कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष र बीमा रकमबापत तिर्नुपर्ने शुल्क तोकिएको बैंक खातामा दाखिला गरेपछि श्रम स्वीकृतिका लागि प्रक्रिया अगाडि बढ्ने उनले जानकारी दिए । 'प्रक्रिया पूरा गरेपछि श्रम स्वीकृतिपत्र अनलाइनबाटै प्राप्त हुन्छ', संयोजक श्रेष्ठले भने, 'आवेदन स्वीकृत भएको वा आवश्यक विवरण अपुग भएको जानकारी पनि अनलाइनमार्फत नै सम्बन्धित सेवाग्राहीले प्राप्त गर्न सक्ने व्यवस्था छ ।', श्रम स्वीकृतिसम्बन्धी अन्य जानकारी स्थानीय तहको रोजगार सेवा केन्द्रमार्फत पनि बुझ्न सकिने छ ।

# थाहाबाट १८ पोका गाँजासहित एक जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिका वडा नम्बर-२ फेदीगाउँबाट प्रहरीले गाँजा सहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीले स्थानीय ५५ को सूर्य तामाङको घरमा लुकाइ राखेको १८ पोका गाँजा बरामद गरेको हो । गाँजासहित तामाङलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रबक्ता टेकबहादुर कार्कीले जानकारी दिए ।

गाजाँ लुकाएर राखेको छ भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी निरीक्षक माओत्सेतुङ गुरुङको कमाण्डमा ७ जनाको टोली खटी गई घर खानतलासी गर्दा १८ वटा साना पोकाहरु गाँजाको धुलो फेलापारेको प्रहरीले जानकारी दिएको छ ।

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

**केदारनाथ सुनचाँदी पसल**
हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०२३३

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# बहानाबाजी नगरौं, खुरुखुरु उत्पादन गरौं

एक दसक अघिसम्म नेपालमा भारतीय सिमेन्टकै भर पर्नुपर्ने बाध्यता थियो । विकास निर्माणका कार्य गर्न नेपाली सिमेन्ट महिनौं कुर्दा पनि पाईदैनथ्यो । पछिल्लो केही वर्षदेखि नेपाली सिमेन्ट उत्पादनले आन्तररिक बजार माग धानिएको छ । नेपालका सबै सिमेन्ट उद्योगको जडित क्षमताअनुसार उत्पादन गर्न पाउने हो भने सिमेन्ट निर्यात गर्नै पर्ने अवस्था आएको छ । केही वर्षअघिसम्म नेपालको अधिकांश सिमेन्ट उद्योगले भारतीय बजारबाट क्लिङकर ल्याएर सिमेन्ट उत्पादन गर्दै आएका थिए । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योगको स्थापनाले नेपालमा सिमेन्टको बजारमूल्य निन्त्रण गर्ने सरकारी प्रयासलाई सकारात्मक भूमिका निर्वाह गरिरहेको थियो । सिमेन्टमा ९०% कच्चापदार्थ नेपालकै हुन्छ । स्वदेशी कच्चापदार्थमा आधारित उद्योगलाई राज्यले थोरै मात्र ब्यवस्थि तगर्ने हो भने सिमेन्टमा हामी आत्मनिर्भर मात्रै छैनौं । निर्यातको अवस्थामा पुगेको छौं । नेपालले थेग्नै नसक्ने ब्यापार घाटामा नूनचुक लगाउने हो कि मल्हम लगाउने हो त ? नेपालले प्राकृतिक स्रोतको बैज्ञानिक र ब्यवस्थित रुपमा उत्खनन् गरी कच्चापदार्थको रुपमा प्रयोग गर्नसक्ने क्षेत्र भनेको सिमेन्ट नै हो ।

ब्यापार घाटा कम गर्न र विदेशी मुद्रा आर्जन गर्ने हेतु भारतसँग प्रतिष्पर्धा गर्न त्यही अनुसारको बजार मूल्य कायम हुने गरी उत्पादन गर्न सरकारले प्रबन्ध लिाउनु पर्छ । खानी शुल्क र स्थानीय शुल्कको लिमिटेसन र उद्योगका लागि कच्चापदार्थ ढुवानीमा सहजीकरणका कार्य राज्यपक्षबाट हुन सकेको छैन । सिमेन्टको गुणस्तरमा निगरानी गर्ने संयन्त्र चुस्त बनाएर निकासी प्रबर्द्धनलाई सरकारले जोड दिनुपर्ने हुन्छ । नेपालको कुनैपनि सिमेन्ट उद्योगको खानी क्षेत्र बिवादरहित रुपमा संचालन हुन सकेका छैनन् । स्थानीयको अबरोध यति धेरै छ कि बयान गरिसाध्यै छैन । चुनढुँगा खानी क्षेत्रका स्थानीयको सबैखालका मागहरु सिमेन्ट उद्योगले पूरा गरिदिनुपर्ने अवस्था छ । लोकतन्त्रको चरम दुरुपयोग स्थानीयले खानी क्षेत्रमा देखाएका छन् । यसप्रकारका समस्या राज्यले सम्बोधन गर्न सकेको छैन । खानी क्षेत्रका बासिन्दा साँच्चै समस्यामा परेका हुन् वा होइनन् भन्ने बिषयमा स्थानीय सरकारले बोल्नु पर्छ तर, त्यस्तो हुन सकेको छैन । स्थानीयको अबरोधजनक हर्कतप्रति स्थानीय सरकार मुकदर्शक मात्र बनिरहेको छ । स्थानीयलाई समस्या नै परेको छ वा खानी संचालनका कारण स्थानीयलाई मर्का परेको छ भने उद्योग पक्ष, स्थानीय सरकार, स्थानीय बासिन्दा, स्थानीय प्रहरी प्रशासन बसेर सम्स्याको समाधान निकाल्न सकिन्छ । उद्योगको सामाजिक उत्तर दायित्व बहन गर्न सबै औद्योगिक प्रतिष्ठान तयार छन् । नेपाल सरकारले सिमेन्ट विदेश निर्यातमा नगद अनुदान दिने भन्दा पनि विद्युत महशुलमा सहुलियत दिने, कच्चापदार्थ उत्खनन, ढुवानीमा सहजीकरण गर्ने, उद्योगका कामदार कर्मचारीको बीमा, औषधिउपचार आदिमा सहज बनाउन सकिन्छ । गलत काम गर्ने औद्योगिक प्रतिष्ठानलाई कानूनअनुसार दण्डित गर्ने र राम्रो काम गर्ने प्रतिष्ठानलाई पुरस्कृत गर्ने परम्परा राज्यले सुरु गर्नै पर्छ । नत्र लगानीकर्ताको मनोबल बढाउन सकिन्न ।

राज्यले पूँजीगत खर्च गर्न र जग्गाको कित्ताकाट गर्न नसक्दा भवन निर्माणका काम हुन नसकेकोले सिमेन्टको उपभोग कटौती भएको अवस्था छ । यसतर्फ पनि राज्यको ध्यान जान जरुरी छ । उद्योगमैत्री नीति निर्माण गर्ने, बैंक ब्याजमा सरल बनाउने, लगानीकर्तालाई नाफाखोरीको रुपमा नहेरी रोजगार दाताको रुपमा हेर्ने नीति राज्यको हुनु जरुरी छ । उद्योग संचालन गर्नु भनेको हाम्रो मुलुकको परिबेशमा चुनौतीको सामना गर्नु पनि हो । तर, राज्यले सबैखालका चुनौतीमा सहजीकरण गर्नुको सट्टामा बलेको आगोमा घीउ थप्ने काम मात्र गरेको देखिन्छ । हाल केही उद्योगको सिमेन्ट भारतीय बजारमा निर्यात भइरहेको समाचारमा आएको भएपनि त्यो केहीहदसम्म काल्पनिक र अप्राकृतिक छ । भारतीयसँग निकट रहेका उद्योगीले नेपाल सरकारको अनुदान खानका निम्ति गरिरहेका छन् । सबै सिमेन्ट उद्योगको निर्यात हुने वातावरण बनेकै छैन । राज्यका सबै संयन्त्र चुस्त दुरुस्त भएको खण्डमा मात्र यो सबै सम्भव रहन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १३ गते शनिबार २७ मे २०२३ । सप्तमी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ६:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनमा निरासा उत्पन्न हुनेछ | तुला | : शुभ नतिजा आउनेछ |
| वृष | : समयले साथ दिनेछ | वृश्चिक | : दिन रमाइलो हुनेछ |
| मिथुन | : रमाइलोमा दिन बित्नेछ | धनु | : मन खिन्न हुनेछ |
| कर्कट | : जोश जागर आउनेछ | मकर | : शरीरमा स्फुर्ती बढ्नेछ |
| सिंह | : समयले साथ दिनेछ | कुम्भ | : घरायसी मेलमिलाप हुनेछ |
| कन्या | : राम्रो समाचार सुन्न पाइनेछ | मीन | : पढाइलेखाइमा सफलता मिल्नेछ |

# लाल आयोगको प्रतिवेदन गोप्य राख्नुको रहस्य



✍ वृषेशचन्द्र लाल

सञ्चार माध्यम र विभिन्न छापाबाट प्राप्त सूचनाका आधारमा के भन्न सकिन्छ भने यही जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरी जेलबाट रिहा हुनुहुनेछ । उच्च अदालतबाट उनलाई तोकेको जन्मकैदको सजाय सर्वोच्च अदालतले सदर गरेदेखि नै यस्तो चर्चा चुलिएको हो । प्रधानमन्त्री पुष्पकमल दाहालको अभिव्यक्तिमा यस्तो सङ्केत देखिन्छ ।

सर्वोच्च अदालतको फैसलापछि रेशम चौधरीले पनि अत्यन्तै सन्तुलित प्रतिक्रिया दिनुभएको छ । उहाँको पार्टीले सर्वोच्च अदालतको फैसलापछि अपनाएको विशेष संयमताबाट समेत यसको पुष्टि हुन्छ । यस मुद्दामा सर्वोच्च अदालतको यो फैसलाको सम्बन्धमा संसद्मा उपस्थित र खास गरेर मधेसबाट प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूका नेता र सांसदहरूको मौन मनोभावले समेत त्यो सम्भावनालाई नै बल पुऱ्याएको छ । प्राय: सबै जना जुनसुकै तरिकाले भए पनि उनी जस्तै बिनासित्ति कारागार जीवन भोगिरहेकाहरूको रिहाइको प्रतीक्षामा छन् ।

जेजस्तो र जसरी भए पनि टीकापुरको आन्दोलनका यी निर्दोष आन्दोलनकारीहरू कारागारबाट मुक्त हुनु निश्चय नै एउटा खुसीको कुरा हुनेछ । उनीहरूको रिहाइले मधेसको एउटा जल्दोबल्दो मुद्दाको सम्बोधन हुन्छ । राज्य सञ्चालनका संस्थापन शक्ति समूहको निमित्त पनि यो कार्य राहतको विषय हुने देखिन्छ । किनभने देखावटी भए पनि सत्ता निमित्तको हरेक गठबन्धनीय समीकरण तयार हुने बेलामा मधेस र थरुहटसँग सम्बन्धित प्राय सबै दलहरू बडो जोडतोडका साथ रेशम चौधरीको रिहाइको सर्त तेर्स्याउँदै आएका छन् । देउवा हुन् वा ओली अथवा प्रचण्ड, सबैले आ-आफ्ना स्वार्थअनुसार मुद्दा फिर्ता लिने आश्वासन दिँदै आएका छन्, तर अहिलेसम्म उनीहरूकै अनिच्छाले पूरा हुन सकेको छैन । कमसे कम चौधरी र अन्य आन्दोलनकारीहरूको माफीमिनाहाको प्रक्रियाबाट रिहाइले यस्तो सर्तको तनावबाट संस्थापन शक्ति समूहलाई पनि केही हदसम्म राहत दिने नै छ ।

रेशम चौधरी, लक्ष्मण थारु आदिको रिहाइको जस लिन मधेसबाट चुनिएका नेताहरू जनताका बिचमा दौडिरहेका छन् । रिहाइ भएमा सत्तासीन ठुला दलहरूको प्रशंसा पनि बढ्ने छ । अनि लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरण गर्नुभन्दा मधेस आन्दोलनसँग सम्बन्धित मुद्दा खेप्दै जेल भोगिरहेका र फरार घोषित गरिएका बाँकी आन्दोलनकारीको रिहाइ र मुद्दा फिर्तातिर बढी जोड दिइएको देखिन्छ । यो कार्य संस्थापन शक्ति समूहका निमित्त थप राहतको विषय बन्नेछ । मधेसका नेता भनिनेहरू अब यसै मागको राजनीति गर्ने छन् । लुकाएर राखिएका धेरै मुद्दाहरूको स्थिति यथास्थितिमा रहने छन् । यसको प्रयोग प्रशासनले आवश्यक परेका बेला प्रताडनाको हतियारका रूपमा गरिरहने छ ।

जेलमा कोचिएका रेशम चौधरीसहितका आन्दोलनकारीहरू निर्दोष छन् । समानता निमित्तको आन्दोलनलाई नेतृत्व गरेकै कारण राज्यले उनीहरूमाथि झुटा मुद्दा लगाएर यति विधि यातना दिएको हो । तथ्य यही हो । यो वास्तविकता र तथ्यसँग सबै राम्ररी परिचित छन् । यिनीहरूमाथि सुरु अदालतदेखि ठोकिएको सजायको एक मात्र कारण राजनीतिक प्रतिशोध नै हो । अभियोजन पक्षले पत्यारिलो प्रमाण र आधार प्रस्तुत गर्न नसके पनि अदालतहरूबाट सजाय ठोकिँदै र सदर हुँदै गयो । नेपालको न्यायपालिकाको इतिहासमा वर्तमान न्यायिक स्तरलाई देखाउन रेशम र उनका साथीहरूको मुद्दा निश्चय नै एउटा उदाहरणका रूपमा अगाडि आइरहने छ । लामो समयदेखि लम्बित थरुहट आन्दोलनसँग सम्बन्धित यस मुद्दाको अन्तिम निर्णय लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न जोरतोडका साथ उठिरहेका बेला र गणतन्त्र दिवसको केही अगाडि मात्र आउनु विश्लेषणकै विषय हो । यसले अदालत, सरकार र संस्थापन शक्तिबिच सुमधुर समन्वयकारी सम्बन्धको खुलासा गर्दछ । लोकतन्त्रमा शक्ति पृथकीकरण, न्यायपालिकाको निष्पक्षता र स्वतन्त्रताको स्थितिको आकलनको निमित्त यसको अध्ययन जरुरी छ ।

रेशम चौधरी, लक्ष्मण थारु र अन्य केही आन्दोलनकारीको रिहाइपछि लाल आयोगको प्रतिवेदनको सम्पूर्ण प्रयोजन नै समाप्त हुनेछ भन्ने सरकार र संस्थापन शक्ति समूहहरूको सोच भएको हुन सक्तछ । संस्थापन शक्ति समूहको रणनीतिको मूल पाटो 'सफाइ होइन, सजाय र अन्त्यमा माफी मिनाहा' रहेको छ । मधेस र थरुहट आन्दोलनको क्रममा नृशंस दमनको निमित्त जिम्मेवार तत्कालीन सरकार, राज्यको संस्थापन शक्ति समूहभित्रका राजनीतिक दलका नेताहरू र आफ्नै नागरिक दाजुभाइहरूमाथि नृशंस दमनको निमित्त हतियार बन्न पुगेका सुरक्षाकर्मीहरूको दोष पनि लुकाउन सकिने र भविष्यमा समेत यस्तै दमन गर्नुपर्ने भयो भने त्यसको निमित्त सुरक्षाकर्मीहरूको मनोबल पनि कायम रहिरहने उद्देश्य यसको रणनीतिभित्र देखिन्छ ।

मधेस र थरुहटमा पछि माफीमिनाहाको नौटङ्की गरी रेशम चौधरीलगायतका निर्दोष आन्दोलनकारीको रिहाइ गरी श्रेय लुट्ने स्वार्थ र णनीतिको अन्तिम अध्यायको विषय भएको देखा परिरहेको छ । घटनास्थलबाट धेरै टाढा रहेका र त्यसमा कुनै उक्साहट वा निर्देशन पनि नदिएका रेशम चौधरी, लक्ष्मण थारु आदिलाई बलिको बोका बनाइयो । रणनीति कार्यान्वयनको निमित्त सुरुदेखि अन्तिम तहसम्मको अदालतको प्रयोग गरियो । मुद्दाको किनारा सत्य-तथ्यको आधारमा भएन वा गर्न दिइएन । राजनीतिक सत्ता समीकरणमा दबाबको स्थिति उत्पन्न भएपछि फैसला गरी गराई माफीमिनाहाको प्रक्रियामा पार्ने बाटो अपनाइएको रहेछ । लाल आयोग सरकारले नै गठन गरेको थियो । आयोगबाट प्राप्त प्रतिवेदन अहिले पनि सरकारको हातमा छ । उक्त प्रतिवेदन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ बमोजिम वर्गीकृत भई गोप्य श्रेणीमा रहने कुनै निर्णय भएको छैन । सूचना आयोगले ऐनको दफा ३ को (४) को व्यवस्थाअनुसार प्रतिवेदन ऐनको ३ को (३) अनुसार प्रकाशित गर्न नमिल्ने रहेको अवस्था नरहेकाले सार्वजनिकीकरण गर्न निर्देशनसमेत दिइसकेको स्थिति छ । तर सरकारले प्रतिवेदन सार्वजनिक गरेन, गर्न चाहेन । उल्टै अनुचित रूपमा सरकार आफैँले गरे मात्र सार्वजनिक हुने विषयमाथि रोकको आदेश पाउन अदालत समक्ष पुग्यो । सरकारले नै नचाहे सार्वजनिक नहुने ग्यारेन्टी हुँदाहुँदै अदालतले लगत्तै कुनै छलफल नगरी कारणसमेत नबुझी सार्वजनिकीकरण नगर्न अल्पकालीन अन्तरिम आदेश गऱ्यो र निकासको स्थिति अहिलेसम्म झुन्डिएको झुन्डियै छ ।

रेशम चौधरीको मुद्दामा समेत अदालतले सो प्रतिवेदन मगाएर हेर्नुपर्ने थियो । त्यसो गर्दा सो मुद्दासँग सम्बन्धित सत्यतथ्यको विस्तृत जानकारी प्राप्त हुनेथियो । सरकारले सो प्रतिवेदनमा उल्लेखित कुनै तथ्यको खण्डन नगरेको हुनाले त्यसमा उल्लेखित तथ्यलाई आधारका रूपमा मानी अदालतले रेशम चौधरी, लक्ष्मण थारु आदिलाई न्याय दिन सक्थ्यो । तर त्यसो गरिएन । बहसका क्रममा अदालत स्वयंले 'आन्दोलनको आह्वान गर्नु र घटनामा स्वयं उपस्थित हुनु एकै हो, होइन' भन्ने प्रश्न उठाउँदा सरकारको पक्षबट ...त्यसो होइन' भन्ने जवाफ दिइए पनि सर्वोच्च अदालतको निर्णय उच्च अदालतको सजाय सदर नै रह्यो । यी सबैले सबै घटनाक्रम पूर्वनिर्धारित समयअनुसार नै अगाडि बढेको प्रमाणित हुन्छ ।

सवाल लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरणको हो । लाल आयोगको गठन मधेस र थरुहट आन्दोलनको क्रममा घटेका घटनाहरूको सत्य, तथ्य जनतामा ल्याउनको निमित्त भएको हो । यो कुनै व्यक्तिसँग भएको घटना वा कुनै व्यक्तिमाथि लगाइएको आरोप र मुद्दासँग मात्र सम्बन्धित छैन । सम्पूर्ण मधेस र थरुहट आन्दोलनसँग सम्बन्धित छ । मधेस र थरुहट आन्दोलनको क्रममा भएका घटना, हत्याहरूको परिवेश, त्यसका निमित्त जिम्मेवार तत्व (राज्यको प्रशासनिक दमनकारी समूह वा आन्दोलनकारीको समूहमा छिरेका असामाजिक तत्व), आन्दोलनका क्रममा भएको दमन र सुरक्षा अधिकारीहरू लगायतसँग सम्बन्धित छ ।

कुन अवस्थामा कसरी टीकापुरमा आन्दोलनकारी र सुरक्षाकर्मीहरू मारिए ? नाबालिग बच्चो कसरी प्रहरीसँग मात्र हुने राइफलको गोलीको सिकार भयो ? थमन विक अस्पताल लैजाँदा राजमार्गबाट नलगी धेरै टाढा र सजिलै गाडी हिँड्न नसक्ने घुमाउरो हिलाम्मे कच्ची बाटोसम्म कसरी लगिए र उनको मृत्यु भयो ? मोरङमा द्रोपदी कसरी गोलीको सिकार भइन् ? जलेश्वरमा आफ्नो आँगन (दैलो)मा उभिएकी महिला कसरी सहिद हुन पुगिन् ? हिफाजत मियाँसँग के भएको थियो ? जलेश्वर, जनकपुर, वीरगञ्ज, मलेठ आदि स्थानमा कसरी युवाहरू सहादत प्राप्त गरे ? महोत्तरीको बजराहीमा नातिको सहादतपछि विक्षिप्त आफ्नो बगैँचामा घुमिरहेको बाजेलाई कसले र किन गोली ख्वायो ? यी घटनाहरूमा कतै कुनै आन्दोलनकारीसँग हातहतियार थियो थिएन ? थिएन भने युद्ध भए जस्तै सुरक्षाकर्मीले किन र कसको आदेशमा घातक हातहतियारको नृशंसपूर्वक प्रयोग गरे ? यस्ता प्रश्नको उत्तर हिमाल, पहाड र मधेस-थरुहट सबै क्षेत्रका जनतालाई जान्ने अधिकार छ । अहिले चर्चा रहेअनुसार जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा रेशम चौधरीलगायत अरूलाई माफी-मिनाहाको घोषणा भयो भने लाल आयोगको प्रतिवेदनको सार्वजनिकीकरणको माग उठ्दैन र टीकापुरको घटनाको सत्य, तथ्य सदाको निमित्त मसानमा गाडिएर नष्ट भएर जानेछ भन्ने राज्य सञ्चालक संस्थापन शक्ति समूहको सोच छ ।

हाम्रो देशमा आन्दोलनको अनुचित र नृशंस दमनको घटनाबारे छानबिन गर्न बनेका आयोगहरूको प्रतिवेदनको हबिगतको इतिहास सुखद छैन । २०४६ सालको जनआन्दोलनका क्रममा भएका घटनाबारे आएको मल्लिक आयोगको प्रतिवेदनको गहन अध्ययन भएन । दोस्रो जनआन्दोलनका क्रममा भएका अपराधहरू सजायको निमित्त कठघरामा उभ्याइएन । आन्दोलनका उपलब्धिहरू संस्थागत हुन नसक्नु र आन्दोलनपछि फेरि पनि बिस्तारै तीनै सत्ताखोरहरूको हालीमुहाली हुन पुगी परिवर्तनपछि आएको नेतृत्व समूह तिनै सत्ताखोरहरूको प्रभावमा परेर भ्रष्टाचार को रङमा रङ्गिन पुग्नुको यो पनि एउटा प्रमुख कारण हो ।

लाल आयोगको प्रतिवेदनलाई पनि यस्तै खाल्टोमा धकेल्नु कदापि सुखद हुने छैन । त्यसकारण लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरणको निमित्त राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकारवादी, संघसंस्था तथा राजनीतिकर्मीहरूको गम्भीर ध्यानाकर्षण आवश्यक छ । यो राष्ट्रिय मानव अधिकार आयोगको समेत चासोको विषय हुनै पर्दछ । सर्वोच्च अदालतले तत्कालीन मुख्य सचिव वैरागीबाट दर्ता गरिएको रिट निवेदनलाई तत्काल अन्तिम निष्कर्षमा पुऱ्याउनुपर्दछ । सार्वजनिकीकरण गर्ने पक्ष सरकार नै भएकाले प्रयोजनविहीन अवस्थामा जारी गरिएको अल्पकालीन अन्तरिम आदेश र नेपाल सरकारका तर्फबाट सर्वोच्च अदालतमा दर्ता रहेको रिट निवेदनसमेत स्वत: बदरभागी रहेको देखिन्छ ।

यसलाई अझै लम्बित गर्नु जनताको सूचना पाउने अधिकार अर्थात् संविधानको धारा २७ मा उल्लेखित सूचनाको हकको ठाडो उल्लैन हो । लाल आयोगको प्रतिवेदन कुनै कानुनबमोजिम गोप्य राख्नुपर्ने दस्तावेज नरहेकाले सर्वोच्च अदालतको अल्पकालीन अन्तरिम आदेशको कार णले यसको सार्वजनिकीकरण गर्न अवरोध रही रहनु त्यसैले अन्यायपूर्ण हो ।

रेशम चौधरी र आन्दोलनको क्रममा गिरफ्तार भएका सबैको रिहाइ होस् । प्रतिगामी तत्वहरूद्वारा बलिको बोका बनाइएर उनीहरूमाथि गरिएको अन्यायको अन्त्य यथाशीघ्र हुनुपर्छ र सँगै लाल आयोगको प्रतिवेदन पनि सरकारले सार्वजनिक गर्नु त्यतिकै आवश्यक छ । सत्य, तथ्य बाहिर आएपछि यी निर्दोषहरू जनताको नजरमा सफाइ पाउने छन् । यही उनीहरूप्रति वास्तविक न्याय हुनेछ । (लेखक तराई-मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष हुन् ।)साभार: रानतोपाटी

# 'ई-हाजिरी' कि 'नो हाजिरी'!



✍ डा. बच्चुकैलाश कैनी

भर्खरै मात्रै एउटा समाचार पढें, 'संघीय संसदमा छिट्टै ई-हाजिरी लागू गर्ने तयारी हुँदैछ।' यो पढ्ने बित्तिकै मेरो मनमा धेरै कुरा आए। उतिबेला रजिस्टरमा हाजिर गरेको सम्झिएँ। नेपालमा मैले केही वर्ष पहिले काम गर्ने कार्यालयमा ई-हाजिरी लागू गर्दा भोगेका कुरा याद आए। बेलायतमा १६ वर्षे जागिरे जीवनका भोगाइ त भुल्ने कुरै भएन।

नेपालमा पहिले पहिले हाजिरी कापी वा रजिस्टरमा बिहान कार्यालय पुग्ने बित्तिकै र साँझमा कार्यालयबाट निस्कनु भन्दा अघि समय लेखी दस्तखत गरी हाजिरी गर्ने प्रचलन थियो। सुरु-सुरुमा जागिर गर्न जाँदा हाजिर कापीमा हाजिर गर्दा मन कम्ती खुशी हुँदैनथ्यो । त्यस्तै, वर्षको अन्त्यमा कालो, नीलो र कहीं कहीं रातो कलमले लेखेको बाह्रै महिनाको पूरै हाजिर पेज हेर्दा कति छिट्टै वर्ष बितेछ भन्ने आभास हुन्थ्यो।हाजिर कापीमा हाजिर गर्ने प्रचलनलाई अहिले करिब-करिब ई-हाजिरीले विस्थापित गर्ने अवस्था छ। समयानुकूल परिमार्जन वा सुधार हुँदै प्रविधिको प्रयोग हुनु स्वाभाविक हो। समयको माग पनि यही हो । तर, अस्वाभाविक के हो भने देशकै नीति-नियम बनाउने समाजका सबैभन्दा अग्रज, विधायिका भनेर चिनिने र जनताले विश्वास गरेका वा जनमत प्राप्त जनप्रतिनिधिले हाजिरीको दुरूपयोग गरेकोले वा नैतिकता, सभ्य समाजको मूल्य र मान्यता भन्दा बाहिर गएर काम गरेकोले सो रोक्न ई-हाजिरी प्रयोग गर्नुपर्ने अवस्था आउनु दु:खदायी र दुर्भाग्यपूर्ण खबर हो।उच्चतम नैतिकता देखाएर देश र समाजलाई अग्रपथमा लैजाने, देशलाई समृद्धि र समुन्नत बनाउने जिम्मेवारी जनप्रतिनिधिको हो। जनप्रतिनिधिको हरेक काम पारदर्शी हुनु जरुरी छ। उनीहरू सबैको लागि नमूना हुनुपर्छ। उनीहरू मात्रै हैन जो-कोही अग्रजले कहीं कतै आफ्नो बाटो बिराउने छुट हुँदैन। यो कुरा जनप्रतिनिधिको हकमा मात्रै हैन, समाजका सबै नागरिकले पालना गर्नुपर्छ। तर, सुधारको सुरुवात अग्रजले गर्ने हो र जनप्रतिनिधि सबैको मान्य हुने हो। त्यो पनि नामले हैन कामले हुने हो।

कतिपय कुराहरू भनिरहनु पर्दैन। समाजमा एउटा प्रचलित मान्यता हुन्छ। त्यसलाई सबैले मान्नुपर्ने हुन्छ। कतिपय कुरा लिखितमा नै हुनुपर्छ भन्ने पनि छैन। जस्तो कि बेलायतको संविधान अलिखित छ तर पनि, सबैले मान्छन्। त्यसको पूर्ण परिपालना हुन्छ। सामाजिक मूल्य, मान्यता र नैतिकताको कुरा गर्दा कसैले भनिरहनुपर्ने वा सम्झाइरहनुपर्ने हुनु नपर्ने हो।

जसले कहीं केही काम गर्छ र त्यसको लागि नियमले तलब वा भत्ताको व्यवस्था गरेको हुन्छ भने त्यहाँ तलब वा भत्ता पाउनको लागि उपस्थित भएर मात्रै हुँदैन, तोकिएको काम नै गर्नुपर्ने हुन्छ। त्यस्तै बैठकमा उपस्थित भएर तोकिएको ठाउँमा बस्नु, माननीयहरूको कुरा सुन्नु, आफ्नो कुरा सुनाउनु र विचार राख्नु माननीयहरूको काम, कर्तव्य र अधिकार हो। जति सक्रियतापूर्वक बैठकमा भाग लियो, उति आफ्नो कुरा राख्ने, केही कुरा सुन्ने र बुझ्ने अवसर मिल्छ।तर, हाम्रा धेरै माननीयको कुरा नै बेग्लै छ। कतिपय माननीय बैठकमा अनुपस्थित हुने, कोही बैठकमा भत्ताको लागि मात्रै हाजिर जनाउने, कतिपय उपस्थित भए पनि निदाउने, धेरैले बैठकमा सक्रियता नजनाउने आदि कुरा सामान्य नै भइसक्यो। बैठकमा नबस्ने तर उपस्थित जनाएर निस्कनु गैरकानुनी मात्रै हैन, सामाजिक मान्यता र नैतिकताको पनि विपरीत हो । नेपालमा ई-हाजिरी अर्थात् इलेक्ट्रोनिक हाजिरी गर्ने कुरा भर्खर-भर्खर केही वर्ष यता सुरु भएको हो। यो प्रणाली विस्तारै देशका सुगम मात्रै हैन दुर्गमतिर पनि लागू हुँदै गइरहेको समाचार पढ्न र सुन्न पाइन्छ। प्रविधिले फड्को मारेसँगै ई-हाजिरीको प्रचलन भरपर्दो, किफायती र विश्वसनीय बनेको कुरा नकार्न सकिंदैन। यसका पक्ष र विपक्ष दुवैमा तर्क र वितर्क गर्न सकिन्छ, तर यो लेखको उद्देश्य त्यो हैन।

कर्मचारी वा हाजिर गर्ने जो कोही इमानदार नहुने हो भने ई-हाजिरीले मात्रै दुरूपयोग रोक्दैन भन्ने कुरा मैले अनुभव गरेको छु। केही वर्ष पहिले म कार्यालय प्रमुख भई काम गरेको नेपालको एउटा कार्यालयको एउटा घटना सुनाउँछु।पहिले आफ्नो परिचयपत्र कार्ड रिडरमा देखाएर, छुवाएर वा ट्याप गरेर ई-हाजिरी गर्ने प्रचलन थियो। अधिकांश कर्मचारीले इमानदारीपूर्वक ई-हाजिरी गर पनि केही कर्मचारीले छिटो जानु पर्दा वा अर्को दिन ढिलो आउने हो भने आफ्नो कार्ड आफ्नो साथीलाई दिने र हाजिर गर्न लगाउने गरेको पाइयो।

यसैलाई रोक्न हामीले आँखाको रेटिना पढ्न सक्ने वा हातको औंठा छाप गरेर हाजिर गर्ने वा दुवै हुने व्यवस्था मिलाउनुपर्ने भयो। हातको औंठा छाप प्रयोग गर्दा कतिले मेरो हात यो मेसिनले पढ्न सक्दैन भन्नेसम्मका बहाना बनाए। कति पटक कर्मचारीले नै मेसिन बिगारेर दु:खद र खेदपूर्ण हर्कत गरेको पनि जानकारी आयो। 'जहाँ इच्छा त्यहाँ उपाय' वा 'चोरका अनेक दाउ' भने झैं मान्छे स्वयं इमानदार नहुने हो भने प्रविधिको प्रयोगले मात्रै पनि सबै किसिमको दुरूपयोग रोक्न सकिंदैन।अब, यता बेलायततिरको कुरा गरौं। करिब १६ वर्ष बेलायतमा काम गर्दा मैले पूर्णकालीन र आंशिक गरी नौ वटा संस्थाहरूमा काम गर्ने अवसर पाएँ। त्यो पनि एउटा बाहेक सबै सरकारी अस्पताल र विश्वविद्यालयमा काम गरें मैले। यो १६ वर्षे बेलायती जागिरे जीवनमा अहिलेसम्म कुनै पनि संस्थाहरूमा मैले हाजिरी गरेको अनुभव छैन। मैले मात्रै हैन मैले काम गर्ने यी कार्यालय वा संस्थाहरूमा अरु कोही कर्मचारीले पनि हाजिरी गरेको देखेको र सुनेको छैन मैले। किनकि त्यहाँ कसैलाई पनि हाजिर गर्नुपर्ने नियम थिएन। केवल कामको प्रतिफल वा नतिजाले नै हाजिर भएको प्रमाणित हुने अवस्था थियो। कामको प्रतिफल नआउने हो भने हाजिर गरेर मात्रै त्यसको कुनै मतलब हुँदैन। कार्यालयमा काम गर्दा वा कुनै काम गर्दा मुख्य कुरा वा उद्देश्य हाजिर गर्ने हैन, कसैले कामको कति प्रतिफल दियो वा कामको कस्तो नतिजा आयो भन्ने हो।

बेलायतमा यसो किन हुन्छ? यसका धेरै कारण छन्। बेलायतको समाज सभ्य छ। अधिकांश मानिस कर्तव्यनिष्ठ छन्। आफ्नो जिम्मेवारी राम्रोसँग पालना गर्छन्। धेरैजसो मानिस आफ्नो उत्तरदायित्व राम्रोसँग बहन गर्छन्। देश र समाज पनि विधि र विधानमा चल्छ। हरेक कर्मचारीले आफ्नो कर्तव्य र दायित्व इमानदार ीपूर्वक पालना गर्ने हो भने हाजिरीको जरुरत किन पर्छ ? यदि कसैलाई हप्ताको पाँच दिन सोमबार देखि शुक्रबारसम्म ९-५ को समय काम गर्ने गर ी समयतालिका तोकिएको छ भने उसले त्यही समयतालिका अनुसार काम गर्नुपर्छ र गर्छ भन्ने मान्यता हुन्छ। कुनै काम परेर छुट्टी लिनु परेको अवस्था वा बिरामी भएको अवस्थामा मात्रै खबर गर्नुपर्ने वा फर्म भर्नुपर्ने हुन्छ। अन्यथा, सबैले आफ्नो काम आफ्नो समयमा गर्छन् भन्ने हुन्छ। त्यसैले हाजिरीको जरुरत परेको छैन यता बेलायतमा।

भनिन्छ नि, संसार विश्वासमा चलेको छ। अविश्वास गर्ने हो भने सम्बन्ध र संसार दुवै लथालिंग र भताभुंग हुन्छ। प्रख्यात लेखेक स्टेभिन कोभेले भनेका छन्, 'विश्वास मानव प्रेरणाको उच्चतम रूप हो, यसले मानिसहरूको असली रूप बाहिर ल्याउँछ।' हाम्रा माननीयहरूले पनि संसदमा हाजिर नै गर्नु नपर्ने गरी सबै जनताको विश्वास जित्ने र विश्वासको वातावरण बनाउने काम गर्ने हो भने कुनै पनि हाजिरी वा 'ई-हाजिरी' को जरुरत पर्दैन। उहाँहरूले राम्रो काम गर्ने, आफ्नो कर्तव्य राम्रोसँग पालना गर्ने र देश, समाज र जनताको समृद्धि र समुन्नत नेपालको लागि निष्ठापूर्वक काम गर्ने हो भने उहाँहरूको लागि 'नो हाजिरी' भनिदिए हुँदैन र ? *साभार : अनलाइनखबर*

बागमती प्रदेश खेलकुद

# सोहन र पेमा उत्कृष्ट बक्सर

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ मकवानपुरका सोहन राई र काभ्रेकी पेमा लामा जारी दोस्रो बागमती प्रदेश खेलकुदको बक्सिङ प्रतियोगितामा उत्कृष्ट बक्सर घोषित भएका छन् ।

हेटौंडास्थित हेटौंडा कभर्डहलमा सम्पन्न बक्सिङ प्रतियोगितामा पुरुष ६३ केजी तौल समूहमा स्वर्ण विजेता सोहन र महिला ५७ केजीमा स्वर्ण विजेता पेमा उत्कृष्ट बक्सर भएका हुन् । सोहनले फाइनलमा सिन्धुपाल्चोकका प्रज्ज्वल श्रेष्ठलाई ५-० ले हराए । पेमाले भने फाइनलमा चितवनकी नतिसा थापामगरलाई ५-० ले नै नै हराइन् । प्रतियोगितामा काभ्रे ७ स्वर्ण, २ रजत र २ कांस्यसाथ टिम च्याम्पियन बन्यो । समान ३-३ स्वर्ण, रजत र कांस्यसाथ काठमाडौं दोस्रो भयो । तेश्रो स्थानमा चित्त बुझाएको भक्तपुरले ३ स्वर्ण हात पार्‍यो ।

पुरुष ४८ केजीमुनि काभ्रेका लक्ष्मण राईले स्वर्ण र ललितपुरका प्रकाश कठायतले रजतपदक जिते । पुरुष ५१ केजीमुनि काभ्रेका लालप्रसाद उप्रेती र ५४ केजीमा काठमाडौंका मदनकृष्ण डंगोलले स्वर्ण जिते । फाइनलमा लालप्रसादले मकवानपुरका शशी विक र मदनले काभ्रेका सुलभ डंगोललाई समान ५-० ले हराए । ५७ केजीमा नुवाकोटका नीरन्जन मोक्तानले फाइनलमा ललितपुरका रोशन आछामीलाई ३-३ ले हराउँदै स्वर्ण जिते । ६० केजी तौलसमूहमा ललितपुरका सागर दर्जी र ६७ केजीमा ललितपुरकै विकास रानामगरले मकवानपुरका अनिष मुलामीलाई अंकका आधार हराउँदै स्वर्ण जिते ।

पुरुषको ६७ केजी तौलसमूहमा सिन्धुपाल्चोकका चन्द्रबहादुर तामाङलाई ५-० ले हराउँदै स्वर्ण जिते । ७५ केजीमा काठमाडौंका अश्विनधीरण श्रेष्ठले फाइनलमा नुवाकोटका आशिश पुडासैनी र ८० केजीमा सिन्धुपाल्चोकका निश्चल विष्टले सबिन महतलाई हराउँदै स्वर्णपदक प्राप्त गरे । ८६ केजी तौलसमूहमा भक्तपुरका विजय बाटाले काठमाडौंका आयुष अधिकारीलाई हराउँदै स्वर्ण जिते । ९२ केजीमाथि काठमाडौंका सन्जोग गुरुङले पहिलो राउन्डमा नै काठमाडौंका शुभम पाठकलाई हराउँदै स्वर्ण आफ्नो बनाए ।

महिलातर्फ ४८ केजीमा सिन्धुलीका रमिशा श्रेष्ठले फाइनलमा काभ्रेका पूर्णिमा तामाङ र ५० केजीमाथि भक्तपुरकी अस्मिता दुवालले काठमाडौंकी उर्वशी श्रेष्ठलाई हराउँदै स्वर्णपदक प्राप्त गरे । महिलाकै ५२ केजीमा भक्तपुरकी भावना भण्डारीलाई र ५४ केजीमा काभ्रेकी एलिना गर्बुजालाई हराउँदै स्वर्णपदक आफ्नो बनाए । ६० केजीमा नुवाकोटकी रक्षा जिसीले फाइनलमा चितवनकी जस्मिन गुरुङलाई पहिलो राउन्डमा नै हराउँदै स्वर्ण आफ्नो बनाइन् । ६३ केजीमा काभ्रेकी जीबिका थापा र ६६ केजीमा काभ्रेकै प्रतिशा राईले स्वर्णपदक प्राप्त गरे ।

फाइनलमा जीबिकाले काठमाडौंकी सन्जना पूजारी र प्रतिशाले चितवनका तृष्णा गुरुङलाई हराइन् । महिलाकै ७५ केजीमा काभ्रेकी शीला महर्जनले फाइनलमा चितवनकी तनिशा महर्जनलाई हराउँदै स्वर्णपदक प्राप्त गरिन् । विजेता खेलाडीलाई बागमती प्रदेश खेलकुद परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारी, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका कार्यालय प्रमुख देवनारायण चौधरी, प्रतियोगिता संयोजक एवं नेपाल बक्सिङ संघका सदस्य मानबहादुर भण्डारी, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य धनकुमार मैनाली, आईटीओ तथा टेक्निकल डेलिगेट पुस्करराज पन्त, बक्सिङका पूर्वप्रमुख प्रशिक्षक प्रकाश थापामगर लगायतले पुरस्कृत गरे ।

### महिला फुटबलमा काठमाडौंलाई उपाधि

काठमाडौंले दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत महिला फुटबलको उपाधि जितेको छ । बिहीबार गौरीटार रंगशालामा भएको फाइनलमा काठमाडौंले सिन्धुलीलाई २-० गोलले पराजित गर्‍यो । काठमाडौंले पहिलो र दोश्रो हाफमा समान १-१ गोल गर्‍यो । विजयी टिमका लागि सुजीता घलानले १० औं मिनेटमा गोल गर्दै काठमाडौंलाई अग्रता दिलाएकी थिइन् । काठमाडौंका लागि दोश्रो गोल मनीषा थापा मगरले ५८ औं मिनेटमा गरिन् ।

काठमाडौंकी सरिता ऐर दुई व्यक्तिगत विधामा पुरस्कृत भइन् । सरिता प्रतियोगिताकै उत्कृष्ट खेलाडी र उत्कृष्ट फर्वाड घोषित भइन् । अन्य व्यक्तिगततर्फ गोलरक्षकमा काठमाडौंकी झरना नगरकोटी, डिफेन्समा सिन्धुलीकी सन्जिता मगर तथा प्रशिक्षकमा काठमाडौंका देवेन्द्रजंग शाही उत्कृष्ट चुनिए । प्रतियोगिता अवधिभर ४ गोल गरेकी काठमाडौंकी मनीषा थापामगर सर्वाधिक गोलकर्ताको सूचीमा शीर्ष स्थानमा रहिन् ।

विजेतालाई सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशकी मन्त्री कुमारी मोक्तान, बागमती प्रदेशकी सांसद् स्वरुपा भुजेल, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य-सचिव सूर्यलाल भण्डारी, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशका सचिव रामकृष्ण पुडासैनी, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका कार्यालय प्रमुख देवनारायण चौधरीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । प्रतियोगितामा ९ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेको प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशकी सदस्य एवं महिला फुटबलकी संयोजक कल्पना शर्माले जनाएकी छन् ।

पुरुष फुटबलमा काठमाडौं र मकवापनुरले उपाधि भिडन्त पक्का गरे । पिप्ले क्याम्पा रंगशालामा भएको पहिलो सेमिफाइनलमा काठमाडौंले ललितपुरलाई १-० गोलले पराजित गर्‍यो । कब्बु कन्दङवाले निर्णायक गोल गरे । मकवानपुरले काभ्रेमाथि ३-० को सहज जित दर्ता गर्‍यो । प्रितम स्याङबोले १ तथा अभिषेक लामाले १ गोल गरे । फाइनल शनिबार हुनेछ ।

### भलिबलमा काठमाडौं र चितवन सफल

काठमाडौं र चितवनले जारी दोस्रो बागमती प्रदेश खेलकुदमा बिहीबार भलिबल प्रतियोगितामा स्वर्ण जितेका छन् । हेटौंडास्थित हुप्राचौर खेलमैदानमा सम्पन्न प्रतियोगितामा काठमाडौंले महिलामा र चितवनले पुरुषमा स्वर्णपदक जितेका हुन् ।

काठमाडौंले फाइनलमा दोलखालाई २५-५, २५-६ र २५-१२ ले हरायो । चितवनले भने फाइनलमा धादिङमाथि २५-१७, २२-२५, २८-२६ र २५-१८ को जित निकाल्दै पुरुषतर्फ स्वर्ण जित्यो । तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धा भने बेस्ट अफ थ्रीमा भएको थियो । पुरुषमा काठमाडौंले सिन्धुलीलाई २-१ ले र महिलामा चितवनले धादिङलाई २-० ले हराउँदै कांस्यपदक प्राप्त गर्‍यो ।

प्रतियोगितामा पुरुषतर्फ चितवनका नवीन महतो र महिलामा काठमाडौंकी सलिना बुढामगर उत्कृष्ट खेलाडी भए । पुरुषमा चितवनका रमेशचन्द्र विक उत्कृष्ट प्रशिक्षक चयन हुँदा विधागत उत्कृष्टअन्तर्गत स्पाइकरमा मनोज श्रेष्ठ, सेटरमा चितवनका मञ्जिल गुरुङ, ब्लकरमा चितवनकै सुरेश महतो, लिबेरोमा चितवनका समीर थापा, सर्भरमा धादिङका अमन आले उत्कृष्ट घोषित भए । महिलामा भने काठमाडौंका कुमार राई उत्कृष्ट प्रशिक्षक चयन भए ।

महिलाको विधागत उत्कृष्टअन्तर्गत स्पाइकरमा चितवनकी आरती सुबेदी, सेटरमा काठमाडौंका भावना तामाङ, ब्लकरमा काठमाडौंकी सुमित्रा रेग्मी, लिबेरोमा काठमाडौंकी एन्जिला प्रधान र सर्भरमा काठमाडौंकी निशा महर उत्कृष्ट भए । विजेता खेलाडीलाई प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्यसचिव सूर्यलाल भण्डारीले पुरस्कृत गरे ।

### जुडोमा ललितपुर अब्बल

दोश्रो बागमती प्रदेश खेलकुदको जुडोमा ललितपुर टिम च्याम्पियन बनेको छ । काठमाडौंको खुशीबुँस्थित बहुद्देश्यीय मार्सल आर्ट केन्द्रमा भएको प्रतियोगितामा ललितपुर ४ स्वर्ण, ३ रजत र २ कांस्यसाथ समग्रमा टिम च्याम्पियन बन्यो ।

काभ्रे ३ स्वर्ण, १ रजत र १ कांस्यसाथ दोश्रो भयो । २ स्वर्ण, १ रजत र १ कांस्यसहित नुवाकोट तेश्रोमा सीमित भयो । पुरुष/महिलामा समान ७-७ गरी १४ स्वर्णका लागि प्रतिस्पर्धा भएकोमा मकवानपुरले २ तथा रामेछाप, सिन्धुपाल्चोक र काठमाडौंले १-१ स्वर्ण जिते । प्रतियोगिताको पुरुषमा काभ्रेका प्रवीणकुमार दियाली तथा महिलामा नुवाकोटकी अन्जु पाण्डे उत्कृष्ट खेलाडी घोषित भए ।

प्रतियोगिताको अन्तिम दिन महिला ७० केजीमा रामेछापकी रन्जना खड्का, ७८ केजीमुनि मकवानपुरकी एलिसा गोले र ७८ केजीमाथि मकवानपुरकी अस्मिता गोले स्वर्ण चुमे । पुरुषको ८१ केजीमुनि काभ्रेका मनोज आचार्य, ९० केजीमुनि नुवाकोटका रामभक्त तामाङ, १०० केजीमुनि काभ्रेका आकाश आलेमगर र १०० केजीमाथि काठमाडौंका वसिस्ट महर्जन शीर्ष स्थानमा रहे । दुईदिने प्रतियोगितामा ९ जिल्लाका ५७ खेलाडी सहभागी थिए ।

### निश्चल र अन्जिता सर्वोत्कृष्ट खेलाडी

काठमाडौंका निश्चल तामाङ र मकवानपुरकी अन्जिता स्याङतान दोश्रो बागमती प्रदेश खेलकुदको उसुमा बिहीबार सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । निश्चल पुरुष तथा अन्जिता महिलामा सर्वोत्कृष्ट खेलाडी घोषित भएका हुन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमा भएको प्रतियोगितामा ५ स्वर्ण, ८ रजत र २ कांस्यसाथ ललितपुर टिम च्याम्पियन बन्यो । ५ स्वर्ण, ३ रजत र ५ कांस्य जितेको काठमाडौं दोश्रो भयो । तेश्रो स्थानको सिन्धुपाल्चोकले ५ स्वर्ण, २ रजत र २ कांस्य हात पारे । विभिन्न १२ जिल्लाका २ सय ५० खेलाडी २३ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए । मकवानपुरले ३, रामेछापले २ तथा भक्तपुर, काभ्रेपलान्चोक र सिन्धुलीले १-१ स्वर्ण जिते ।

### प्रेस विज्ञप्ति

मित्रराष्ट्र भारतको आन्द्र प्रदेश वादारियो स्पोर्स्टर्स कराते डो संघले आयोजना गरेको प्रथम ईन्डो नेपाल कराते खुल्ला च्याम्पियनसिपमा नेपाल वादोरियो कराते डो संघका अध्यक्ष एवं नेपाल कराते महासंघका वरिष्ठ उपाध्यक्ष हरिशरण केसीको नेतृत्वमा ९ सदस्यीय टोली ईन्डिया जान लागेको बताइएको छ । त्यसतर्फ जाने खेलाडीलाई वादोरियो संघका पदाधिकारीले विदाई गरेका छन् ।

सहभागीमा हरिशरण केसी (टिम मेनेजर), ज्ञानबहादुर थापा (रेफ्रि), खेलाडीहरु सागर काफ्ले, मनिष रोक्कामगर, सुगन बस्याल, विसन थापा, बिवेक बिक, गजेन्द्र लुहार, समित रेश्मी रहेका छन् ।

# बागमती प्रदेशले सार्वजनिक यातायातको भाडा घटायो

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/बागमती प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयले बिहीबारदेखि लागू हुनेगरी सार्वजनिक गाडीको भाडा घटाएको छ । नेपाल आयल निगमले डिजलको भाउ घटाएको नौ दिनपछि बागमती प्रदेशमा छोटो दूरीमा चल्ने गाडीको भाडा घटाइएको हो।

मन्त्रालयले घटाएको भाडा दर राजपत्रमा प्रकाशित भएको छ । काठमाडौं उपत्यकाभित्र ५ दशमलव ९ प्रतिशतले तथा उपत्यका बाहिर छोटो दूरीका सार्वजनिक गाडीमा ४ दशमलव १८ प्रतिशत र मालवाहक गाडीमा ५ दशमलव ६९ प्रतिशतले भाडा घटाएको मन्त्रालयका सचिव आस्मान तामाङले बताए । उनले भने, 'नयाँ भाडादर आजै राजपत्रमा प्रकाशित भइसकेकाले आजदेखि नै घटेको भाडादर लागू हुनेछ ।'

यसअघि डिजेलको भाउ बढेको बेला लामो दूरीको गाडीभाडा बढेर छोटो दूरीको नबढेपछि व्यवसायी आफैँले भाडादर तोकेका थिए । नेपाल आयल निगमले अघिल्लो हप्ता बुधबारदेखि लागू हुने गरी डिजेलको भाउ घटाएको थियो। लगत्तै सरकारले लामो दूरीको भाडा समायोजना गरेको थियो । लामो दूरी अर्थात् अन्तर प्रदेशको भाडा केन्द्र सरकारबाट र छोटो दूरी अर्थात् अन्तरपालिकाको भाडा प्रदेश सरकारबाट निर्धारण हुने गर्दछ ।

गएको चैत २० गते डिजेल र मट्टीतेलको मूल्यमा प्रतिलिटर १०/१० र पेट्रोलमा तीन रुपैयाँ मूल्य घटाएको निगमले अघिल्लो हप्ताको बुधबारदेखि लागू हुने गरी डिजेल र मट्टीतेलमा प्रतिलिटर १०/१० रुपैयाँले भाउ घटाएको थियो। घटेको मूल्यअनुसार हाल डिजेलको मूल्य लिटरको एक सय ५५ कायम भएको छ ।

अघिल्लो वर्ष प्रदेशभित्र सञ्चालन हुने छोटो दूरीको गाडी भाडा बढेको थियो । बढेको भाडा अनुसार यात्रुले काठमाडौं उपत्यकामा सार्वजनिक गाडीमा चढ्ने वित्तिकै २० रुपैयाँ भाडा तिर्दै आइरहेका छन् ।

# किन धकेलियो 'जेरी : अन टप'को निर्माण ?



काठमाडौं/गएको दुई वर्षमा अभिनेता अनमोल केसीले झन्डै आधा दर्जन फिल्म सम्झौता गरे । त्यसमध्ये केही फिल्म उनले छाडिसकेका छन् भने केही छायांकनमा जान ढिलाइ भएका छन् । उनी गएको चैत अथवा बैशाखबाट फिल्म 'जेरी : अन टप'को छायांकनमा आबद्ध हुने तयारीमा थिए । तर, अब यो फिल्मको निर्माण नै धकेलिएको छ । अर्को वर्ष मात्र फिल्मको छायांकन हुन सक्ने सम्भावना छ ।


निर्माता सरोज न्यौपानेले 'जेरी : अन टप'को निर्माण धकेलिनुको दुईटा कारण दिएका छन् । पहिलो, फिल्मको बजेट निकै ठूलो छ । अहिले देशमा आर्थिक मन्दी देखिएकाले तत्काल ठूलो बजेटमा फिल्म निर्माण गर्ने जोखिम उनले उठाउन नचाहेका हुन् । दोस्रो, फिल्मको पहिलो छायांकन सेड्युल अष्ट्रेलियामा राखिएको छ । अहिले त्यहाँ चिसो भएकाले पनि फिल्मको निर्माण धकेलिएको हो ।

अर्को वर्ष 'जेरी : अन टप' निर्माण हुने दाबी निर्माता न्यौपानेले गरे । उनी यो फिल्मभन्दा अगाडि अनमोललाई लिएर अर्को फिल्म बनाउने तयारीमा जुटेका छन् । उनले भने, 'हामीले अनमोलसँग अर्को प्रोजेक्टको 'प्लान' गरेका छौं । केही दिनमा ऊसँग भेटेर सल्लाह गर्छौं । फाइनल भएको चाहिँ छैन ।' नयाँ फिल्मलाई पनि हेमराज विसीले निर्देशन गर्ने निर्माता न्यौपानेले जानकारी दिए ।

'जेरी २'का लागि पहिला तयार पारेको स्क्रिप्टलाई केही परिवर्तन गरेर फिल्म बनाउन लागिएको सरोजले बताए । फिल्मको नाममा 'जेरी' नछुट्ने उनको भनाई छ । उनले भने, 'फिल्मको नाम 'जेरी : अन टप' नहोला, तर 'जेरी' नाममै केही जोडिन्छ । 'जेरी' नाम चाहिँ छुट्दैन ।' निर्माता न्यौपानेले एउटा समुहसँग सहकार्य गरेर कमेडी जनरामा फिल्म निर्माणको तयारी पनि गरिरहेका छन् ।

'जेरी'को निर्माण धकेलिएपछि अनमोलले अघिल्लो हप्ता सुयोग गुरुङको निर्देशन र रोहित अधिकारीको निर्माण रहने फिल्म 'फर्की फर्की' सम्झौता गरे । उनी पिता भुवन केसीको निर्देशनमा बन्ने एक लभस्टोरी फिल्मको पनि तयारीमा छन् । यी दुई फिल्ममध्ये एउटा भदौमा र अर्को कात्तिकमा गर्ने उनको योजना छ । र, यी दुई फिल्ममध्ये एउटा आगामी बैशाख १ गते प्रदर्शनमा आउनेछ ।

# ६० वर्षको उमेरमा दुलहा बने आशीष विद्यार्थी



एजेन्सी, मुम्बई/बलिउडका लोकप्रिय कलाकार आशीष विद्यार्थीले ६० वर्षको उमेरमा दोस्रो विवाह गरेका छन् । असम राज्यकी रुपाली बरुआसँग उनले बिहीबार विवाह गरेका हुन् । उनीहरुको अदालती विवाह भएको हो । रुपाली फेसन विजनेशमा आबद्ध छिन् । आशीषले सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै जिन्दगीको यो विन्दूमा विवाह गर्नुलाई 'एक्स्ट्रा-अर्डिनरी फिलिङ'को रुपमा ब्याख्या गरेका छन् ।

उनी भन्छन्, 'हामीले एकअर्कालाई केही समय पहिला भेटेका हौं र सम्बन्ध अगाडि बढाउने फैसला लियौं । हामी यही चाहन्थ्यौं कि विवाहमा धूमधाम नहोस्, सिर्फ परिवारको उपस्थिति होस् ।' दुई पक्षका परिवारका सदस्य र नजिकका साथीभाईको उपस्थितिमा उनीहरुले 'कोर्ट म्यारिज' गरेका हुन् । विवाहपछि रुपालीले आशीषको साथमा रहन आफूलाई एकदमै राम्रो लाग्ने बताएकी छन् ।

आशीषको पहिलो बिहे राजोशी बरुआसँग भएको थियो । वर्षौं पहिले सम्बन्धविक्षेद गरेका उनीहरुको एक छोरा छन् । नकारात्मक भूमिकामा सर्वाधिक रुचाइएका राष्ट्रिय अवार्ड विजेता आशीषले फिल्म 'द्रोहकाल'बाट बलिउडमा डेब्यू गरेका थिए । उनले कयौं साउथ फिल्ममा पनि काम गरेका छन् । 'हसीना मान जाएगी', 'कहो ना प्यार है', 'जोडी नम्बर १' उनका यादगार फिल्महरु हुन् ।

# रेशम चौधरीको सजाय माफीको प्रस्ताव राष्ट्रपति कार्यालयमा

काठमाडौं/सरकारले पूर्वसांसद रेशम चौधरीको बाँकी कैद सजाय माफी गर्ने तयारी थालेको छ । टिकापुरमा २०७२ भदौमा ७ जना सुरक्षाकर्मी र एक नाबालकको मृत्यु हुने गरी भएको हिंसात्मक घटनामा दोषी ठहर भई जन्मकैदको सजाय काटिरहेका उनको बाँकी सजाय माफीको निवेदन गृह मन्त्रालयबाट राष्ट्रपति कार्यालयमा पुगेको छ ।

'बाँकी सजाय माफी हुनुपर्ने भनी पेश भएको निवेदन गृह मन्त्रालयबाट यहाँ आइपुगेको छ, अध्ययनपछि प्रक्रिया अघि बढ्छ', राष्ट्रपति रामचन्द्र पौडेलको एक सल्लाहकारले भने, 'त्यसैबारे राष्ट्रपतिज्यूसँग छलफल गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उहाँको टिम यहाँ आइपुगेको थियो ।' यस विषयमा छलफल गर्न प्रधानमन्त्री प्रचण्ड मंगलबार साँझ राष्ट्रपति कार्यालय पुगेक थिए ।

संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्ने व्यवस्था छ ।

गृह मन्त्रालयले मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ अनुसार सजाय माफीको प्रक्रिया अघि बढाएर फाइल राष्ट्रपति कार्यालयमा पठाएको हो । ऐनको दफा १५९ मा अदालतको फैसला बमोजिम सजाय पाएको व्यक्तिले माफी पाउन, मुल्तवी राख्न, परिवर्तन वा कम गर्न गृह मन्त्रालय मार्फत राष्ट्रपतिलाई निवेदन दिनसक्ने व्यवस्था छ ।

राष्ट्रपति कार्यालय स्रोतका अनुसार रेशम चौधरीको कैद माफीसम्बन्धी गृह मन्त्रालयको प्रस्तावमाथि अध्ययन भइरहेको छ । सम्भवत: शुक्रबार नै फाइल गृह मन्त्रालयमा फिर्ता गरेर प्रक्रिया अघि बढ्नेछ । फाइल अघि बढेमा गृहले सजाय माफीको प्रस्ताव मन्त्रिपरिषदमा पेश गर्नेछ । निर्णय गर्नुअघि सरकारले आधार र कारण खुलाई राष्ट्रपति कार्यालयमा राय पेश गर्नुपर्नेछ ।

अदालतले तोकेको सजाय पुरै वा आंशिक रुपमा माफी हुनका लागि आफूलाई सजाय गरेको अदालतको फैसलाको प्रतिलिपी निवेदनसाथ पेश गर्नुपर्ने कानूनी व्यवस्था छ । यसअघि जिल्ला अदालत कैलाली र उच्च अदालत दिपायलले जन्मकैदको सजाय सुनाएका रेशम चौधरीलाई सर्वोच्च अदालतले गत २ जेठमा जन्मकैदको फैसला सदर गरेको थियो । उक्त फैसलाको पूर्णपाठ अहिलेसम्म तयार भएको छैन । संक्षिप्त फैसला भने सार्वजनिक भइसकेको छ ।

कानूनी व्यवस्था अनुसार, अदालतबाट दोषी ठहर भएका कसुरदारहरुलाई दुई उपायले कैद मिनाहा गर्न सकिन्छ । निश्चित अवधि सजाय भुक्तान गरेका कैदीहरुलाई असल चालचलनका आधारमा कैद छुट दिने एउटा प्रक्रिया हो । त्यसका लागि जेलरले कारागार प्रशासन हुँदै गृह मन्त्रालयमा प्रस्ताव पठाउछ । गृहले मन्त्रिपरिषदबाट निर्णय गराएर राष्ट्रपतिबाट निर्णय गरेपछि कैद छुटको निर्णय हुन्छ ।

अर्को प्रक्रिया माफी मिनाहा हो । जस अनुसार, कैदीको सबै सजाय मिनाहा हुन्छ । त्यसका लागि कैदीहरुले सोझै गृह मन्त्रालयमा निवेदन पठाउने सुविधा पाउँछन् । कैदीहरु रहेको कारागार प्रशासनबाट फाइल उठाउने र प्रमुख जिल्ला अधिकारीको नेतृत्वबाट चालचलनको परीक्षण गर्नुपर्दैन । उसले तोकिएको अवधि कैद भुक्तान समेत गर्नुपर्दैन । राजनीतिक प्रतिशोधका कारण मुद्दा चलएको र अदालतबाट दोषी ठहर भएको भए त्यसको व्यवस्थापनका लागि 'माफी मिनाहा'को अवधारणा प्रयोग गरिन्छ ।

गृह मन्त्रालयले राष्ट्रपति कार्यालयमा फाइल पठाई त्यहाँबाट स्वीकृत भएर आएको फाइलमा महान्यायाधिवक्ताको राय लिएर 'माफी मिनाहा'को प्रस्ताव मन्त्रिपरिषद पठाउँछ । मन्त्रिपरिषदबाट निर्णय गराई राष्ट्रपति कार्यालयले निर्णय गरेपछि कैदीको बाकी कैद माफी मिनाहा हुन्छ । सरकारले आगामी सोमबार(१५ जेठ)को गणतन्त्र दिवसका अवसरमा चौधरीलाई माफी मिनाहा दिन लागेको हो ।

चौधरी १५ फागुन, २०७४ देखि थुनामा छन् । उनलाई अदालतले तोकेको जन्मकैदको सजाय अनुसार, २० वर्ष कैद भुक्तान गर्नुपर्ने थियो । माफी मिनाहाको प्रक्रिया कार्यान्वयन भए उनले करिव १५ वर्ष कैद सजाय मिनाहा पाउनेछन् ।

*स्रोत: अनलाइनखबर*

कोशी नामकरण विवाद :

# आन्दोलनकारीको मागमा सरकारले देखाएन चासो

विराटनगर/कोशी प्रदेश सरकारले बजेट ल्याउने तयारी गरेपछि प्रदेशको नामाकरणप्रति असन्तुष्टि जनाएर आन्दोलन गरिरहेकाहरुले विराटनगर केन्द्रित विरोध कार्यक्रम घोषणा गरेका छन् । आफ्नो माग प्रदेशसभाबाटै सम्बोधन गर्न सम्भव भएकाले प्रदेशसभा केन्द्रित विरोध कार्यक्रम घोषणा गरेको किरात याक्थुम चुम्लुङका अध्यक्ष प्रेम येक्तेन बताउँछन् ।

'प्रदेशसभाबाटै निर्णय हुने विषय हो नाम', उनी भन्छन्, 'त्यसलाई (नामांकनको निर्णय) सच्याउन पहल नगरी र अर्को प्रदेशसभा बोलाएका कारण विरोध जनाउन शान्तिपूर्ण प्रदर्शन गर्छौं ।' आगामी आर्थिक वर्षका लागि बजेट ल्याउने प्रयोजनका लागि १४ जेठमा प्रदेशसभाको बैठक आह्वान गरिएको छ । यही मौका पारेर आन्दोलनरत पक्षले पनि प्रदेशसभा केन्द्रित विरोध कार्यक्रम घोषणा गरेका छन् ।

गत १७ फागुनमा प्रदेशको नामकरण कोशी राखिएपछि पहिचान पक्षधर दल र जातीय संस्थाहरुले पुन: नामाकरणको मागसहित आन्दोलन गरिरहेका छन् । आन्दोलनकै क्रममा गत ५ चैतमा घाइते भएका पदम लिम्बु लाजेहाङको उपचारका क्रममा १० चैतमा मृत्यु भएको थियो । लिम्बूको मृत्युपछि पहिचान पक्षधरले प्रदेश सांसद, मन्त्री र मुख्यमन्त्रीलाई जिल्ला जान अवरोध गरिरहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com

# चिउरीका रुख संरक्षणमा सरोकारवाला चिन्तित

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ मकवानपुर, चितवन र धादिङका जिल्लाहरुमा पाइने चिउरीका रुखको जगेर्नाका लागि सरोकारवालाहरु चिन्तित देखिएका छन् ।

तर, चिउरीको बहुआयामिक उपयोगका लागि भने सरकार र गैर सरकारी पक्षको सहयोग चेपाङ समुदायले माग गरेका छन् । चितवनको भण्डारामा आयोजित राष्ट्रिय जैविक विविधता संरक्षण योजना तयारी सम्बन्धी चेपाङ समुदायसँग परामर्श कार्यक्रममा यस्तो आवाज उठेको हो । डिभिजन वन कार्यालय चितवन र डिभिजन वन कार्यालय राप्ती मनहरी एबम् नेपाल चेपाङ संघको पहलमा भएको कार्यक्रममा जैविक विविधता संरक्षणका लागि स्थानीयबासिन्दा र लाभग्राहीले नै ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।



'परापूर्व कालदेखि नै चल्दै उपयोगमा ल्याइएका मौलिक वनस्पति र जीवजन्तुको संरक्षण र त्यसको बहुआयामिक उपयोगबारे अब ध्यान दिनुपर्ने बेला आएको छ', डिभिजन वन कार्यालय राप्तीका डिएफओ बिष्णुप्रसाद आचार्यले भने, 'चिउरीको फल, फूल, पात, जरा, डाँठ सबै उपयोग गर्ने गरी योजना बनाउनुपर्छ, यो सामान्य वृक्ष मात्र होइन, कल्पवृक्ष हो ।', उजाड गर्मी महिनाहरुमा पनि गाढा हरियो पातसहितको रुखले एकातर्फ हरियाली सौन्दर्यता र अर्कोतर्फ प्राणबायु निर्माण गरिरहेको बताउँदै उनले यसको फल, फूल, पात, जरा सबै काम लाग्ने र यसैमा चमेराहरु पनि आश्रित हुने भएकाले यसलाई बहुआयामिक आयश्रोतको रुपमा विकास गरिनुपर्नेमा जोड दिए ।

'चिउरीमा मौरी आश्रित हुने, चिउरीकै फूलमा चमेराहरु आश्रित हुने र ती मौरी र चमेराहरुले पारिस्थितिक प्रणालीमा सहयोग गर्नेसँग मह उत्पादन गरेर आयस्रोतमा बृद्धि गराउने कुरामा प्रमुख भूमिका चिउरीकै रुखको छ ।', डिएफओ आचार्यले भने । चितवन डिभिजन वन कार्यालयका डिएफएओ लोकराज नेपालले चिउरीबाट आयआर्जन हुने सम्भावनाको अध्ययन गरी योजना माग गर्न आउन चेपाङ समुदायलाई आग्रह गरे । कार्यक्रममा जैविक विविधता संरक्षणसम्बन्धी राष्ट्रिय योजना निर्माणका लागि लोपोन्मुख जडिबुटीहरु, चिउरी, दार लगायत बनस्पतिको संरक्षण, स्थानीय जातको मौरी, वन कुखुराहरु, मृग, हरिण, बँदेलको संरक्षणलगायतका कुराहरुमा सुझाव दिइएको थियो ।

नेपाल चेपाङ संघका केन्द्रीय अध्यक्ष एवम् संविधानसभा सदस्य गोविन्दराम चेपाङले चेपाङको अनिकाल टार्ने उपायको रुपमा चिउरी बरदान प्राप्त भएकाले चिउरी संरक्षण गर्नु नयाँ पुस्ताको अनिबार्य आवश्यकता रहेकोमा जोड दिए । कार्यक्रममा संघका महासचिव सन्तबहादुर चेपाङ, राक्सिराङ गाउँ कार्यपालिका सदस्य सिंगलाल चेपाङ, मह व्यवसायी दिनेश चेपाङ, सामुदायिक वन उपभोक्ता महासंघ राक्सिराङका अध्यक्ष सन्तोष थापासहित चितवन र मकवानपुरका चेपाङ समुदायको नेतृत्व गर्ने विभिन्न संघसंस्था र सामुदायिक वन समूहका पदाधिकारीहरु र वन कर्मचारीहरुको सहभागिता रहेको थियो । विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) को तर्फबाट जैविक विविधता संरक्षण सम्बन्धी अवधारणा प्रस्तुत गरिएको थियो ।

# पुराना सवारी नष्ट गर्न जरुरी छैन: मुख्यमन्त्री



साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले २० वर्ष पुराना सवारी सबै नष्ट गर्न आवश्यक नरहेको धारणा राखेका छन् ।

बिहीवार सामाजिक विकास मन्त्रालयको आयोजनामा भएको युवा वैज्ञानिक प्रोत्साहन कोषको अनुदानमा सञ्चालित आयोजनाको प्रगति सार्वजनिकरण कार्यक्रममा बोल्दै मुख्यमन्त्री जम्मकट्टेलले सरकारले २० पुराना सवारीलाई नष्ट नगरी त्यसलाई मोडिफाई गरेर विद्युतीय सवारीमा परिणत गर्नुपर्ने बताए ।

'अहिले जनतालाई सबै कुरा नयाँ चाहिएको अवस्था छ । युवा वैज्ञानिक प्रोत्साहन कोषको कार्यविधि सञ्चालन गरेपनि अब ऐन नै बनाएर पास गर्नुपर्छ', उनले भने, 'जटिलताहरु धेरै छन् तर, २० वर्ष पुराना सवारी चलाउने अनुमति नभएपनि केही पुराना सवारीहरुको कन्डिसन राम्रो पनि हुन्छ । त्यसकारण सबै पुराना सवारी नष्ट गर्नुपर्ने जरुरी छैन ।',

मुख्यमन्त्री जम्कट्टेलले पुराना सवारीको इन्जिन झिकेर मोटर र ब्याट्री हालेर प्रयोग गर्दा १०/१५ वर्षसम्म चल्न सक्ने दाबी गरे । उनले यसलाई प्रोत्साहन गर्नका निम्ति प्रदेश सरकारले कानुन निर्माण गर्ने प्रतिवद्धता व्यक्त गरे। त्यसैगरी कार्यक्रममा सामाजिक विकास मन्त्री कुमारी मोक्तानले मन्त्रालयको उदेश्य नै युवाहरुले निर्माण गरेको योजनालाई ब्यवस्थित ढंगले सञ्चालन गरेर लैजान रहेको बताइन् । मन्त्री मोक्तानले यसका निम्ति कानुन निर्माण गरेर नवप्रर्द्धन युवालाई सचेतक ढंगले प्रोत्साहन गर्नेसमेत दाबी गरेकी छन् । कार्यक्रममा युवाले खरानी च्याउसम्बन्धी आयोजना, मत्स्यपालन, दाँत, विद्युतीय सवारी र फाइटोकेमिकल आयोजनाका प्रमुखहरुले वैज्ञानिक विधिबाट निर्माण गरिएका आयोजनाको बारेमा प्रस्तुतीकरण दिएका थिए ।

कार्यक्रममा बागमती प्रदेशका १२ वटै मन्त्रीहरु, सचिवहरुको उपस्थिति थियो । कार्यक्रममा ५ वटा परियोजना सर्वाजनिकमध्ये सम्पन्न भएका दुई वटा दाँत र विद्युतीय सवारी साधनका आयोजना समूहलाई सम्मान गरेका थिए । ५ परियोजनामध्ये डेटा बेस (मत्स्य परियोजना)अन्तिम चरणमा रहेको बाँकी दुई पनि निर्माणको चरणमै रहेको सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनीले जानकारी दिएका छन् ।

# मानवबेचविखन रोक्न पालिकास्तरीय समिति गठनको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/राक्सिराङ गाउँपालिकामा मानवबेचबिखन तथा ओसारपसार रोकथाम र नियन्त्रणका लागि पालिकास्तरीय समिति गठन गर्ने निर्णय भएको छ ।

गाउँपालिकामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा भएको अन्तरक्रियामा समिति गठन गर्ने निर्णय भएको हो । जसका लागि गाउँपालिकाले आवश्यक कार्यविधि तयार गर्नेछ । नारीसीप सिर्जना केन्द्र नेपालको आयोजनामा गाउँपालिकाका प्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधिसहित अन्य विभिन्न सरोकारवालाको उपस्थितिमा अन्तरक्रिया गरिएको हो । कार्यक्रममा गाउँपालिकामा हुन सक्ने मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा जनचेतना अभिबृद्धिका लागि गाउँपालिका स्तरीय एक समिति निर्माण गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गार्तौलाले जानकारी दिए ।



गाउँपालिका प्रमुख वा उपप्रमुखको संयोजकत्वमा पालिका स्तरीय विभिन्न सरोकारवाला रहने गरी कार्यविधि बनाइने गाउँपालिकाका समाजिक विकास शाखा प्रमुख गोविन्द अधिकारीले बताए । कार्यविधि तयार गर्ने र समिति गठन गर्ने काम असार महिनाभित्र सकाइने उनको भनाई छ । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले राक्सिराङ गाउँपालिकाभित्र हुन सक्ने मानवबेचबिखन तथा ओसार पसारसम्बन्धी गतिविधि नियन्त्रणका लागि गाउँपालिका कठोर भएर लाग्ने प्रतिबद्धता दिए । आवश्यक कार्यविधि तथा कानुन निर्माण गर्ने र सोअनुसारको समिति निर्माण गरी निरन्तर काम गर्ने उनको भनाई छ ।

नारीसीप सिर्जना केन्द्र नेपालका कार्यकारी निर्देशक चिरञ्जीवी पौडेलले मानवबेचबिखन तथा ओसारपसारजस्तो जघन्य बिषयलाई जनप्रतिनिधि तथा सरोकार वालाले गम्भीर रुपमा लिनुपर्ने बताए । समाजिक मुद्दामा गाउँपालिकाको हरेक गतिविधिमा समन्वय र सहकार्य गर्न तयार रहेको बताउँदै उनले मानवबेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी कार्यविधि तयार गर्न पनि सहयोग गरिने बताए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत गतौला, विभिन्न वडाअध्यक्षहरु, पत्रकार, समाजिक संघसंस्थाका प्रमुख तथा बाल क्लबका प्रतिनिधिहरुको उपस्थिति थियो ।

# राक्सिराङका वाइवा २५ वर्षपछि पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/राक्सिराङ गाउँपालिका सरिखेत घर भएका ईमानसिं वाईबालाई मकवानपुर प्रहरीले २५ वर्षपछि पक्राउ गरेको छ ।

२५ वर्षअघि एकटन गाँजा छाडेर भागेका वाईबालाई बुधबार पक्राउ गरिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । २०५५ साल असार ३१ गते बिहान ४ बजेर १० मिनेटको समयमा मकवानपुरको साविक मनहरी गाविस-८, खरंगा राप्तीखोला नजिक ४१ वटा बोरामा एक हजार पाँच केजी लागुऔषध गाँजा छाडेर ईमान फरार भएका थिए ।



बरामद भएको गाँजा नियन्त्रणमा लिए पनि प्रहरीले ईमानलाई पक्राउ गर्न सकेको थिएन ।

प्रहरीले बुधबार राती ८ बजेको समयमा मनहरी बजारबाट ईमानलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । बिहीबार वाईबालाई मकवानपुर जिल्ला अदालतमा पेश गरिएकोमा अदालतले ७ दिनको म्याद लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक कार्कीले जानकारी दिए ।

# 'कर प्रशासन र उद्यमी एकअर्काका परिपूरक'

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ हेटौंडामा कर सम्बन्धी अन्तर्क्रिया गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघमा आन्तरिक राजश्व कार्यालय, हेटौंडाका नवआगन्तुक प्रमुख कर अधिकृत तुलसीप्रसाद भट्टराईको उपस्थितिमा कार्यक्रम भएको हो ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै उनले आन्तरिक राजश्व कार्यालय र मकवानपुर उद्योग वाणिज्य संघबीच सुमधुर सम्बन्ध रहँदै आएको बताए । उद्योगी/व्यवसायी तथा सर्वसाधारणलाई सेवा प्रवाहको लागि संघले एकजना कर्मचारी आन्तरिक राजश्व कार्यालय, हेटौंडामा नै राखी सेवा प्रदान गरिरहेको बताए ।

हालको परिस्थितिमा उद्योग/व्यवसाय क्षेत्र धरासायी रहेकाले सहजता सिर्जना गर्न सबै लाग्नुपर्ने उनको भनाई थियो । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालले मन्दीको प्रभाव मकवानपुर जिल्लामा पनि रहेको र व्यवसाय फष्टाउने अवस्था भएमा राज्यलाई कर तिर्ने सामर्थ्य स्वत: हुने भनाई राखे ।

छलफलमा न्यून विजकिकरणको समस्याको समाधान भन्सार र उत्पादन बिन्दुबाटै खोजिनुपर्ने, घुमन्ते तथा करको दायरामा नआएका व्यवसायीलाई कर को दायरामा समेट्नुपर्ने, बजार अनुगमनमा उद्योग वाणिज्य संघको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने, ठेक्का सम्पन्न भई बिल भुक्तानीको माग पेश गर्दा सरकारी निकायबाट ढिलाई गर्ने र कर कार्यालयले समयमै भुक्तानी नगरेको भनि व्यवसायीबाट जरिवाना लिने कार्यले समस्या भइरहेको, डे १, डे २ र डे ३ मा सहजिकरण आवश्यक रहेको, रक्सौल, काठमाडौं जस्ता ठूला बजारको कारण हेटौंडाको बजार खुम्चिएको, उद्योगी/व्यवसायीलाई जरिवाना भन्दा पनि सचेतना आवश्यक रहेको चर्चा गरिएको थियो ।

अन्तर्क्रियामा उठेका जिज्ञासाहरु उपर जवाफ दिँदै प्रमुख कर अधिकृत भट्टराईले व्यापार सहजिकरण गर्दै कर उठाउने राज्यको दायित्व रहेको बताए । उनले नगन्य प्रतिशतबाहेक स्वघोषणा करलाई नै कर प्रशासनले स्वीकार गर्दै आएको बताए । कर प्रशासनको दृष्टिमा राज्य र उद्यमी एकअर्काका परिपूरक रहेको उनको भनाई थियो ।



कार्यक्रममा संघका सल्लाहकार महेन्द्र राउत, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, महासचिव दीपक उप्रेती, सचिव राजाराम कार्की, सदस्यहरु प्रदिप अर्याल, तेजराज अधिकारी लगायतले आफ्नो धारणा राखेका थिए ।

## रेडक्रस हेटौंडा उपशाखाको

## निर्वाचन सम्बन्धी सूचना !

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ को उपशाखा निर्वाचन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस उपशाखा अन्तर्गतका सम्पूर्ण आजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपशिल**

**मिति:** २०८० साल जेठ १५ गते

**समय:** बिहान ७ बजे

**स्थान:** पशुपति मन्दिर, हेटौंडा-४

**सम्पर्क:** ९८५५०७२६६४ (शिवहरि दाहाल, सभापति),
९८५५०७१६५८ (किसन घिसिङ, सचिव)

**नेपाल रेडक्रस सोसाइटी,**
हेटौंडा उपशाखा, हेटौंडा-४

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय मकवानपुर**

## स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी गरिएको सन्देश:

☞ आत्महत्याको सोच आउनु एक मानसिक स्वास्थ्य समस्या हुन सक्छ । मानसिक स्वास्थ्य सेवा र मनोपरामर्श लिएमा यो समस्या रोकथाम गर्न सकिन्छ ।

☞ आफुलाई हानि गर्ने वा आफ्नो जीवन समास पार्ने सोच आईरहेमा कुराकानी गर्न १९६६ नम्बरमा फोन गरौं । यो फोनबाट २४ सै घण्टा परामर्श सेवा लिन सक्नुहुन्छ र यसमा कुराकानी गर्दा कुनै शुल्क लाग्दैन ।

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## हेटौंडा, मकवानपुर
## बागमती प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति:२०८०/०२/१२

यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र उपमहानगरपालिकाले आ.व.२०८०/८१ को लागि तपशिल बमोजिमको कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्व:घोषणा पत्रको प्रतिलिपिहरु सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| सि.न. | ठेक्का नं. | ठेक्काको किसिम | आय संकलन गर्ने दररेट (मू.अ.क. समेत) | न्युनतम अंक (मू.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटि रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | HSMC/Rajaswa/03/2080/81 | सार्वजनिक शौचालय शुल्क संकलन | • दिशा गर्दा रू. १०।०० <br> • पिसाब गर्दा रू. ५।०० | २१,०१,०००।०० | ३,०००।० | मु.अ.कसमेतको कबोल अंकको ५% | मिति २०८०/३/१० गते कार्यालय समयसम्म । |
| २. | HSMC/Rajaswa/04/2080/81 | पशु हाटबजार सेवा शुल्क संकलन | • गाई, गोरु, भैंसी, रांगा प्रतिगोटा रु. २००।०० <br> • सुंगुर, वंगुर प्रतिगोटा रु.५०।०० <br> • खसी, बोका प्रतिगोटा रु.२५।०० <br> • कुखुरा, हांस तथा पंक्षीजन्य प्रति गोटा रू. ०।५० | ७,१५,०००।०० | १,०००।० | मु.अ.कसमेतको कबोल अंकको ५% | मिति २०८०/०२/२७ गते कार्यालय समयसम्म । |

१. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट www.hetaudamun.gov.npबाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालको सूचना पाटीमा समेत टांस गरिएकोछ ।
२. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा
दोस्रो बागमती प्रदेश खेलकुद-२०८०
खेल तालिका

| खेल | | स्थान | ७ गते | ८ गते | ९ गते | १० गते | ११ गते | १२ गते | १३ गते |
|---|---|---|---|---|---|---|---|---|---|
| भलिबल | महिला | हुप्रचौर | उद्घाटन (५:३० बजे पिप्ले क्याम्पा रंगशाला) | | | | | | |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| फुटबल | महिला | गौरीटार | | | | | | | |
| | पुरुष | पिप्ले | | | | | | | |
| रग्बी | महिला | हुप्रचौर | | | | | | | समापन (५:३० बजे पिप्ले क्याम्पा रंगशाला) |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| बक्सिङ | महिला/पुरुष | हेटौडा कभर्डहल | | | | | | | |
| कराँते | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| उसु | महिला/पुरुष | त्रिपुरेश्वर | | | | | | | |
| आई.टि.एफ तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| जुडो | महिला/पुरुष | काठमाडौं | | | | | | | |
| ब्याडमिन्टन | महिला/पुरुष | थानाभन्याङ | | | | | | | |
| एथलेटिक्स | महिला/पुरुष | पिप्ले | | | | | | | |
| पौडी | महिला/पुरुष | सातदोबाटो | | | | | | | |
| क्रिकेट | महिला | चितवन | | | | | | | |
| | पुरुष | चितवन | | | | | | | |

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
**आधुनिक सुन चाँदी पसल**
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना